# जलजला गाउँपालिका नगर प्रहरी सञ्चालन ऐन, २०७७

(गाउँ सभाबाट स्वीकृत मिति : २०७७/०३/२१)

**जलजला गाउँपालिकामा नगर प्रहरीको सञ्चालन तथा ब्यवस्थापन गर्न बनेको ऐन,**

**प्रस्तावना :** जलजला गाउँपालिकाबाट प्रवाह गरिने सेवा र विकास निर्माण कार्यमा सहयोग पुऱ्याउँदै गाउँपालिकाको प्रशासनिक तथा भौगोलिक क्षेत्र भित्र सु-व्यवस्था कायम गर्न र गाउँपालिकाको निर्णय कार्यान्वयनमा प्रभावकारिता ल्याउनका लागि नगर प्रहरीको संचालन कार्यलाई व्यवस्थित बनाउन आवश्यक भएकोले, नेपालको संविधानको धारा ५७ (४) र अनुसूचि ८ मा भएको व्यवस्था र स्थानीय सरकार संचालन ऐन, २०७४ का दफा ११ (२) को खण्ड (क) को (२) बमोजिम तथा ऐ.ऐनको दफा १०२(१) ले दिएको अधिकार प्रयोग गरी जलजला गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "जलजला गाउँपालिका नगर प्रहरी सञ्चालन ऐन, २०७७" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "गाउँपालिका" भन्नाले जलजला गाउँपालिका सम्झनु पर्छ ।

(ख) "गाउँसभा" भन्नाले जलजला गाउँपालिकाको गाउँसभा सम्झनु पर्छ।

(ग) "कार्यपालिका" भन्नाले जलजला गाउँपालिकाको कार्यपालिका सम्झनु पर्छ।

(घ) "अध्यक्ष" भन्नाले जलजला गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ।

(ङ) "उपाध्यक्ष" भन्नाले जलजला गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ।

(च) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ सम्झनु पर्छ।

(छ) "नगर प्रहरी ऐन" भन्नाले जलजला गाउँपालिका नगर प्रहरी सञ्चालन ऐन, २०७७ सम्झनु पर्छ।

(ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले जलजला गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

(झ) "कार्यालय" भन्नाले जलजला गाउँकार्यपालिकाको कार्यालय सम्झनु पर्छ।

(ञ) "नगर प्रहरी" भन्नाले जलजला गाउँपालिकाको नगर प्रहरी प्रमुख र अन्य नगर प्रहरी समेतलाई सम्झनु पर्छ।

**३. नगर प्रहरी सम्बन्धी व्यवस्था :** (१) जलजला गाउँपालिकाको आफ्नो छुट्टै नगर प्रहरी रहनेछ।

(२) गाउँसभाबाट विनियोजित बजेटको सीमाभित्र रही कार्यालयले अध्यक्ष स्तरीय निर्णयबाट आवश्यक संख्यामा नगर प्रहरी सेवा करारमा लिन सक्नेछ।

(३) नगर प्रहरीको योग्यता र छनोटको प्रक्रिया नगर कार्यपालिकाले तोके बमोजिमहुनेछ।

**४. नगर प्रहरीको सञ्चालन तथा परिचालन :** (१) कार्यालयले नगर प्रहरीको नेतृत्व एवं परिचालन गर्न तोकिएको सुविधापाउने गरी प्रहरी सहायक निरिक्षक सरहको एक जना नगर प्रहरी प्रमुख तोक्नेछ।

(२) नगर प्रहरीको प्रभावकारी परिचालनका लागि तोकिएको सुविधा पाउने गरी आवश्यकता अनुसार नगर प्रहरी हवल्दार र जवान सेवा करारमा नियुक्त गर्न सकिनेछ।

(३) नगर प्रहरी प्रमुखले अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष सुपरिवेक्षण, नियन्त्रण र निर्देशनको अधिनमा रही कार्य गर्नेछ र दैनिक रुपमा नगर प्रहरीबाट भए गरेको कार्य सम्पादनको प्रतिवेदन अध्यक्ष तथा प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नेछ ।

(४) प्रत्येक नगर प्रहरीले नगर प्रहरी प्रमुखको प्रत्यक्ष सुपरिवेक्षण, नियन्त्रण र निर्देशनको मातहतमा रहीकार्य गर्नेछ ।

(५) नगर प्रहरीले पालना गर्नुपर्ने अनुशासन एवं आचरण उलंघन गर्ने नगर प्रहरीलाई नगर प्रहरी प्रमुखले प्रमुख प्रशासकीय अधिकृतको स्वीकृति लिइ अनुशासनात्मक सजाँय दिन सक्नेछ ।

(६) गाउँपालिकाको कामको सिलसिलामा अध्यक्ष वा प्रमुख प्रशासकीय अधिकृतले दिएको आदेशको पालना गर्नु नगर प्रहरीको कर्तव्य हुनेछ ।

(७) नगर प्रहरीको ड्यूटीको खटन पटन तथा अन्य जिम्मेवारीको बाँडफाँड नगर प्रहरी प्रमुखले गर्नेछ र सो को जानकारी अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतलाई दिनुपर्नेछ ।

**५. कार्य विवरण :** (१) ऐनको दफा ११(२) को खण्ड (क) को (२) मा उल्लेखित कार्यहरुमा कार्यालयले नगर प्रहरी परिचालन गर्नेछ । साथै, कार्यालयले आवश्यक ठानेको कार्यालयको अन्य काममा समेत नगर प्रहरी खटाउन सकिनेछ ।

(२) नगर प्रहरीलाई कार्यालयले जुनसुकै समय, जुनसुकै बखत काममा लगाउन सक्नेछ ।

(३) नगर प्रहरी प्रमुखले नगर प्रहरीको हाजिरी, विदा तथा ड्यूटी रोस्टरको अभिलेख अद्यावधिक गरि राख्नेछ ।

**६. नगर प्रहरीको आचरण :** नगर प्रहरीले देहायको आचरणहरु पालना गर्नु पर्नेछ :

(क) नगर प्रहरीले प्रचलित कानून तथा गाउँपालिकाको निर्णय, नीति, नियमको पालना गर्नुपर्नेछ ।

(ख) प्रहरीले तोकिएको समय, आज्ञा, आदेश र अनुशासन सम्बन्धी नियमहरुको पालना गर्नुपर्नेछ ।

(ग) नगर प्रहरीले कामको सिलसिलामा सुपरिवेक्षक वा सम्बन्धीत माथिल्लो अधिकृतले दिएको आदेशको पालना गर्नुपर्नेछ ।

(घ) नगर प्रहरीले गाउँसभा सञ्चालन भएको समयमा नगर सभाको मर्यादापालक भई कार्य गर्नु पर्नेछ ।

(ङ) गाउँपालिका कर्मचारी तथा सेवाग्राहीहरु प्रति सदैव आदरभाव प्रकट गर्नुका साथै गाउँपालिकावासीहरुको मानव अधिकारको सम्मान गर्नुपर्नेछ ।

(च) नगर प्रहरी स्वच्छ चरित्र, नैतिकवान, कर्तव्यनिष्ठ र इमान्दार हुनुपर्नेछ ।

(छ) ड्यूटिमा खटिएको समयमा कुनै पनि किसिमको सूर्तिजन्य वा मदिराजन्य पदार्थ सेवन गर्नु हुँदैन ।

(ज) गाउँपालिका वा कार्यालयको अहित हुने कुनै कार्य गर्नु गराउनु हुँदैन ।

(झ) नगर प्रहरी कुनै पनि राजनैतिक गतिविधि, धर्ना, जुलुसमा संलग्न हुनु हुँदैन ।

(ञ) आफूलाई तोकिएको जिम्मेवारी कर्तव्यनिष्ठ भई निश्पक्षता एवं निर्भिकता पूर्वक निर्वाह गर्नुपर्नेछ ।

**७. पोशाक, चिन्ह आदि :** नगर प्रहरीको दर्ज्यानी चिन्ह, ब्याज, पोशाक, सोको किसिम, रंग तथा निजले धारण गर्ने सुरक्षा तथा सञ्चारका साधन कार्यालयले निर्णय गरेबमोजिम हुनेछ ।

**८. सञ्चार सेट :** नगर प्रहरीको कार्यसम्पादनलाई प्रभावकारी बनाउन कार्यालयले आवश्यक सञ्चार सेट लगायतका साधन उपलब्ध गराउन सक्नेछ ।

**९. निरिक्षण :** अध्यक्ष तथा प्रमुख प्रशासकीय अधिकृतले नगर प्रहरीको ड्यूटीको जुनसुकै बखत निरिक्षण गर्न र आवश्यक ठानेको निर्देशन दिन सक्नेछ ।

**१०. आवास :** नगर प्रहरीलाई ब्यारेक प्रणालीमा बस्ने गरी कार्यालयले आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

**११. पारिश्रमिक, राशन, विदा तथा अन्य सुविधा :** (१) नगर प्रहरीको पारिश्रमिक, रासन, विदा तथा अन्य सेवा शर्त, सुविधा कार्यालयले तोके बमोजिम वा करार सम्झौतामा उल्लेख भएबमोजिम हुनेछ ।

(२) कार्यालयलाई नगर प्रहरीको सेवा आवश्यक छ भन्ने लागेमा निजको कार्यसम्पादनको आधारमा करार म्याद आवश्यकता अनुसार नविकरण गर्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगर प्रहरीको कार्यसम्पादन सन्तोषजनक नदेखिएमा निजको करार म्याद नविकरण हुनेछैन ।

**१२. तालिम :** नगर प्रहरीले अनिवार्य रुपमा गर्नुपर्ने सुरक्षा सम्वन्धि तालिमको आवश्यक व्यवस्था कार्यालयले गर्नेछ ।

**१३. अंगरक्षकको रुपमा कार्य गर्ने :** कार्यालयले आवश्यक ठानेमा नगर प्रहरीलाई अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतको अंगरक्षकको रुपमा कार्य गर्ने गरी खटाउन सक्नेछ ।

**१४. प्रतिवेदन :** नगर प्रहरीले गरेको कार्य सम्पादनको साप्ताहिक एवं मासिक प्रतिवेदन नगर प्रहरी प्रमुखले प्रमुख प्रशासकीय अधिकृत मार्फत अध्यक्ष समक्ष पेश गर्नुपर्नेछ ।

**१५. छानविन :** नगर प्रहरीले कानून विपरित वा वद्नियतपूर्वक कार्य गरेको भनि कार्यालयमा उजुरी वा गुनासो पेश हुन आएमा सो उपर प्रमुख प्रशासकीय अधिकृतले छानिविन गर्न गराउन र आवश्यक कार्वाही गर्न सक्नेछ ।

**१६. सजाँय, कार्वाही तथा बर्खास्ती :** कुनै नगर प्रहरीले प्रचलित कानून वा नगरपालिकाको निर्णय, नीति, नियम विपरितको कार्य गरेमा वा बद्नियतपूर्वक कार्य गरी गाउँपालिकाकलाई हानी नोक्सानी पुऱ्याएमा वा आचरण विपरित वा अनुशासन हिन कार्य गरेमा वा गाउँपालिकाको कामको सिलसिलामा कार्यालयले दिएको निर्देशन वा आदेशको पालना नगरेमा निजलाई प्रमुख प्रशासकीय अधिकृतले नसिहत दिन, पद घटुवा गर्न वा अन्य आवश्यक सजायँ वा कार्वाही गर्न वा जुनसुकै बखत सेवाबाट हटाउन सक्नेछ ।

**१७. पुरस्कार :** प्रशंसनीय एवं उत्कृष्ट कार्यसम्पादन गर्ने नगर प्रहरीलाई कार्यालयले उचित ठहऱ्याएको पुरस्कार दिन सक्नेछ ।

**१८. कार्य सञ्चालन प्रक्रिया :** कार्यालयले नगर प्रहरीको कार्य सञ्चालन प्रक्रिया तयार गरी लागू गर्न सक्नेछ ।

**१९. सुरक्षा सामाग्री व्यवस्थापन :** गाउँपालिकाको आवश्यकताको आधारमा सम्बन्धीत निकायको स्वीकृति लिई गाउँ कार्यपालिकाले सुरक्षा ब्यवस्थापनसँग सम्बन्धीत सामाग्रीहरुको व्यवस्था गर्न सक्नेछ ।

**२०. दमकल कर्मचारी सम्बन्धी व्यवस्था :** (१) गाउँपालिकाका दमकल कर्मचारी नगर प्रहरी प्रमुखको मातहत रहेर कार्य गर्नेछन् ।

(२) दमकल कर्मचारी सम्बन्धी अन्य व्यवस्था कार्यालयले तोके बमोजिम हुनेछ ।

**२१. नियम बनाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यान्वयनका लागि गाउँ कार्यपालिकाले आवश्यक नियमहरु बनाउन सक्नेछ ।